कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प.सं. : ०७५/०७६

च.नं. :

फोन नं.:-०८१-५४०००९

संविधान दिवसको अवसरमा **नगरप्रमुख** द्वारा जारी शुभकामना वक्तव्य

आज २०७७ असोज ३, नेपालको संविधान २०७२ जारी भएको पाँच वर्ष पुरा भई छटौं वर्ष प्रवेश गरेको छ। पाँचवर्ष अघि आजकै दिन हामी नेपाली जनताले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान प्राप्त गरेका थियौं। आज सबै नेपाली जनताले छैटौं संविधान दिवसलाई राष्ट्रिय दिवसको रुपमा मनाउने समय सम्म आइपुग्दा नेपाललाई मात्र होइन, सारा संसारलाई कोरोना भाइरस (कोभिड-१९) को संक्रमणले आक्रान्त पारिरहेको छ। नेपालमा पनि विगत ६ महिना देखि हामी सबै नेपालीहरु यही भाइरससँग लडिरहनु परेको छ। यसको नियन्त्रण तथा व्यवस्थापनका लागि नेपालले अधिकांश श्रोत, साधन र जनशक्ति लगाउनु परिरहेको अवस्था छ। यस्तो समयमा हामी यो राष्ट्रिय दिवसलाई **"संविधान दिवस (राष्ट्रिय दिवस )हर्षोल्लासका साथ मनाऔं, घर घरमा राष्ट्रिय झण्डा फहराऔं,"** भन्ने मूल नारा सहित आ-आफ्नो घर तथा कार्यालयहरुमा मनाउनु पर्ने बाध्यात्मक अवस्थामा छौं। यो दिन नेपाली जनताको लामो संघर्ष, वलिदान र प्रतिक्षापछि संविधान सभाबाट निर्मित संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान प्राप्त भएकाले यसलाई कुनै न कुनै कार्यक्रमको रुपमा मनाउने, स्मरण गर्ने तथा संविधानले प्रत्याभूत गरेका अधिकारहरु नेपाली जनताको जीवन-व्यवहारमा लागु गर्दै जानु हामी सबैको जिम्मेवारी र कर्तव्य पनि हो। त्यसैले संविधान दिवस एवं राष्ट्रिय दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली नागरीकहरुलाई , विशेष त कोहलपुर नगरवासी दाजुभाई दिदीबहिनीहरुलाई सुख, शान्ति, प्रगति र समृद्धिका साथै देशमा राष्ट्रिय एकता, अखण्डता, सहकार्य एवम् आपसी सद्भाव कायम हुन सकोस् भन्ने शुभकामना समेत व्यक्त गर्न चाहन्छु।

नेपालको संविधान २०७२ मा गणतन्त्र, लोकतन्त्र, संघीयता, समाजवाद, समावेशी जनसहभागिता, कानूनको शासन, विश्वव्यापी मानव अधिकारको प्रत्याभूति, पूर्ण प्रेस स्वतन्त्रता, वालिक मताधिकार, आवधिक निर्वाचन, स्वतन्त्र, निष्पक्ष, सक्षम न्यायपालिका जस्ता विषय समावेश गरिएकाले यस्लाई विश्वकै उत्कृष्ट संविधान पनि भनिएको छ। यो संविधानको कार्यान्वयन गर्नु ,यसको परिपालन गर्नु, यसलाई समयानुकूल नेपाली जनताका भावनाहरुलाई सम्बोधन गर्ने गरी संशोधन समेत गर्ने अधिकार पनि नेपाली जनता र उनीहरुद्वारा निर्वाचित प्रतिनिधिहरुमा रहेको छ। यस्तो उत्कृष्ट संविधानको छैटौं दिवस मनाउन पाउदा हामी अत्यन्तै गौरवान्दित समेत भएका छौं। संविधान जारी भए पश्चात संविधान अनुसार सम्पन्न गर्नु पर्ने स्थानीय तहको निर्वाचन, प्रादेशिक र संघीय निर्वाचनहरु सम्पन्न भई तीन तहमा तीन प्रकारका सरकारहरु सञ्चालनमा रहेका छन्। यी सबै तहका सरकारहरुले राज्य संचालनका संवैधानिक र कानूनी व्यवस्था एवम् लोकतन्त्रका संरचनालाई थप संस्थागत र सुदृढ गरेका छन्। तीनै तहका सरकारहरुलाई बलियो बनाउन, एक आपसमा अधिकारहरुका बीच समन्वय गर्न तथा आफ्नो क्षेत्राधिकार भित्र एकल रुपमा स

नेपालको संविधान २०७२ संविधानसभाद्वारा बनाइएको नेपालको पहिलो र ऐतिहासिक संविधान हो। यो संविधान नेपालको सम्पूर्ण राजनैतिक शक्तिको साझा दस्तावेज हो। संविधान ,कानून र नियमहरू राज्यका स्वरुप हुन ,जसले राज्य शक्तिको वितरण र प्रयोगलाई प्रत्यक्ष-अप्रत्यक्ष रुपमा निर्धारण गर्दछ। संविधान राज्यको मूल कानून हो। यसका आधारमा सरकार सञ्चालन हुन्छ। यसले राज्यको स्वरुप, सरकारका गतिविधि र राज्य तथा जनताबीचको सम्बन्धलाई मुखरित बनाउँछ। संविधानले शासनको स्वरुप निर्धारण गर्दछ। यसले नागरिकका अधिकार सुनिश्चित गर्दछ।

अन्त्यमा, आजको यस राष्ट्रिय दिवसको अवसरमा कोरोना भाएरस (कोभिड-१९) को संक्रमणको जोखिम अहिले पनि कायमै रहेकाले हामीले विभिन्न कार्यक्रमहरु गरेर यो दिवस मनाउने अवस्था छैन। बरु हामी सबै कोभिड-१९ स)क्रमणको जोखिमबाट सुरक्षति रहन नेपाल सरकार स्वास्थ्य मन्त्रालयले निर्धारण गरेका स्वास्थ्य सम्बन्धी मापदण्डहरुको पूर्णरुपमा पालना गरिदिनु हुन आग्रह गर्दै कोहलपुर नगरवासी दाजु भाई दिदी बहिनीहरुलाई छैटौं संविधान दिबसको हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

लूट बहादुर रावत

नगर प्रमुख